संघीय संसद्

# राष्ट्रिय सभा

**छैठौं अधिवेशन**

**बैठक - ०१**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ वैशाख २६ गते शुक्रबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको छैठौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ४:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सभाको छैठौं अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका सम्पूर्ण माननीय सदस्यहरुलाई स्वागत गर्नुभयो ।

तत्पश्चात्, अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वान सम्बन्धी पत्र प्राप्त हुन आएको पत्रको व्यहोरा पढेर सुनाउनुभयो ।

“नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७७ साल बैशाख २६ गते शुक्रबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।

(विद्यादेवी भण्डारी)

मिति :- २०७७ बैशाख २१”

तत्पश्चात्, सभाले लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न दुई मिनेट उठेर मौन धारण गर्‍यो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संघीय संसदको छैठौं अधिवेशन प्रारम्भ भएको अवसरमा आफ्नो मन्तव्य राख्नका लागि राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरुको तर्फबाट निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. मा. दीनानाथ शर्मा २. मा. राधेश्याम अधिकारी ३. मा. प्रमिला कुमारी

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय गृह मन्त्री रामबहादुर थापालाई “संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७” पेश गर्न अनुमति दिनुभयो ।

लगत्तै सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री रामबहादुर थापालाई “राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७” पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई “केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७” पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले कोरोना भाइरस (कोभिड-१९) का सम्बन्धमा निम्न बमोजिमको जानकारी प्रस्तुत गर्नुभयो :

"विश्वव्यापी रुपमा फैलिई रहेको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध नेपाल सरकारले गरेको लकडाउन लगायतका प्रयासहरु जारी राखेको छ । संघीय संसदले स्वास्थ्य सुरक्षा सम्बन्धी विज्ञहरुबाट प्राप्त सामाजिक दूरी लगायतका विभिन्न सुझावहरुलाई पूर्णतः अवलम्बन गर्दै बैठकहरुलाई व्यवस्थित गर्ने प्रयास गरेको छ । कोरोना

जस्तो विश्वव्यापी महामारीसँग जुध्न हामी सबैले पालना गर्नुपर्ने स्वास्थ्य सुरक्षा सम्बन्धी सावधानीलाई पहिलो प्राथमिकतामा राखी हाम्रा घर, परिवारमा समेत सचेतना अपनाउनु पर्ने अवस्था छ ।

कोरोनाका कारण विभिन्न देशमा नेपालीहरुले ज्यान गुमाएका छन । यो बैठक महामारीका कारण ज्यान गुमाउने सबैप्रति श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछ ।

राष्ट्रिय सभाको यो बैठक कोरोना संक्रमितहरुको सिघ्र स्वास्थ्य लाभको कामनाका साथै सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुलाई सरकारले अपनाउदै आएको लकडाउन लगायतका पूर्वसावधानीका प्रावधानहरुलाई अनुशरण गर्दै सुरक्षित रहनका लागि हार्दिक अपिल गर्दछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले पहिलो संविधान सभा सदस्यद्वय प्रा. डा. विश्वनाथ प्रसाद अग्रवाल र शिवनारायण उरावको निधन सम्बन्धमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो :

शोक प्रस्ताव

१) “पहिलो संविधान सभा सदस्य प्रा.डा. विश्वनाथ प्रसाद अग्रवालको ७५ वर्षको उमेरमा मिति २०७६ साल फागुन ३० गते शुक्रबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।
स्व. अग्रवाल तत्कालिन जनता दलका तर्फबाट संविधानसभा सदस्य हुनुहुन्थ्यो ।
यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।”

२) “पहिलो संविधान सभा सदस्य शिवनारायण उरावको ६१ वर्षको उमेरमा मिति २०७७ साल बैशाख १ गते सोमबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।
स्व. उराव नेपाली काँग्रेस सुनसरीका महासमिति सदस्य हुनुहुन्थ्यो ।
यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।”

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त शोक प्रस्तावहरूलाई पारित गरिदिनु हुन अनुरोध गर्नुहुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सभाले स्व. विश्वनाथ प्रसाद अग्रवाल र स्व. शिवनारायण उरावको आत्माको चीर शान्तिको लागि उठेर एक मिनेट मौन धारण गऱ्यो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम १३३ को उपनियम (१) बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ को विनियोजन विधेयक प्रस्तुत गर्नु पूर्व बजेट तयारीका सम्बन्धमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (पूर्व बजेट) सम्बन्धी छलफल यही मिति २०७७ साल वैशाख २८ गते आइतबारदेखि प्रारम्भ हुने व्यहोरा जानकारी गराउनु हुँदै उक्त दिनहरुमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा मात्र सीमित भई छलफल हुने र उक्त छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूको नाम दलीय प्रतिनिधित्वको आधारमा सम्बन्धित दलीय पदाधिकारीहरुले बैठक प्रारम्भ हुनुभन्दा एक घण्टा अगावै कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा उपलब्ध गराइदिनुहुन जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७७ साल वैशाख २८ गते आइतबार दिनको १:०० बजे बस्ने गरी अपराह्न ४:५० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव